चुलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली गाउँपालिकाको

स्थानीय राजपत्र

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ३, प्रकाशित मिति २०८३/०३/११

भाग-१

लिम्बू भाषा सरकारी कामकाजको भाषा ऐन, २०८३

आज्ञाले

राज कुमार शाक्य

प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिम्बू भाषा सरकारी कामकाजको भाषा ऐन, २०८३

गाउँसभाबाट स्वीकृत मिति २०८३/०३/१०

चुलाचुली गाउँपालिका

इलाम जिल्ला, कोशी प्रदेश, नेपाल

चुलाचुली गाउँपालिका भित्र बोलिने लिम्बू भाषा (राष्ट्र भाषा) को संरक्षण, प्रवर्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न हाल बहुसङ्ख्यक जनताले बोल्ने **लिम्बू भाषालाई** सरकारी कामकाजको भाषाको रूपमा कायम गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ३२ को भाषा तथा संस्कृतिको हक, धारा २२६ र अनुसूची ८ को १२ र २२, धारा २८७ र भाषा आयोग ऐनको दफा ६ को प्रयोग गरी सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउने आधारहरू निर्धारण गरी सिफारिस गर्ने अधिकार प्रयोग गरी भाषा आयोगले सरकारसमक्ष गरेको सिफारिस तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (फ) र ऐ.को १०२ बमोजिम बमोजिम चुलाचुली गाउँपालिका इलामको गाउँसभाले यो ऐन तर्जुमा गरी जारी गरिएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **लिम्बू भाषा सरकारी कामकाजको भाषा ऐन,** २०८३ रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'सरकारी कामकाजको भाषा' भन्नाले कार्यालयहरूमा देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त किरात सिरिजङ्गा लिपिमा लेखिने लिम्बू भाषा सम्झनु पर्दछ ।

(ख) 'स्थानीय तह' भन्नले चुलाचुली गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) 'कार्यालय' भन्नाले स्थानीय तहका कार्यालय, सङ्गठित संस्था वा स्थानीय तह अन्तर्गत रहेका अन्य सबै प्रकारका निकाय सम्झनु पर्दछ ।

(घ) 'सूचीकृत अनुवादक' भन्नाले दफा १३ बमोजिमको सूचीकृत अनुवादक सम्झनु पर्दछ ।

(ङ) 'तोकिएको वा तोकिएबमोजिम' भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

(च) ‘भाषाको मानकीकरण’ भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत दुविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरूपता कायम गर्ने कार्य सम्झनु पर्दछ ।

(छ) ‘मातृभाषा’ भन्नाले नेपालमा उत्पत्ति भई वा ऐतिहासिक रूपमा नेपालभित्र स्थानीय भाषासरह प्रयोग हुँदै आएको कुनै व्यक्ति वा समुदायले पुस्तागत निरन्तरताको रूपमा आफ्नो जाति वा वर्गमा बोल्ने भाषा सम्झनु पर्दछ ।

(ज) ‘प्रतिष्ठान’ भन्नाले दफा ९ बमोजिम गठन हुने संस्था सम्झनु पर्दछ ।

परिच्छेद- २

सरकारी कामकाजमा प्रयोग हुने भाषासम्बन्धी व्यवस्था

३. सरकारी कामकाजको भाषाको प्रयोग र प्रकाशन: (१) चुलाचुली गाउँपालिकाले सरकारी कामकाजको सिलसिलामा सरकारी कामकाजको भाषा अनुवाद गर्न वा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) गाउँ सभामा विधेयक, प्रतिवेदन वा प्रस्तावहरू पेस गर्दा सरकारी कामकाजका भाषामा समेत अनुवादित प्रति पेस गर्नु पर्नेछ ।

(३) सरकारी कामकाजको भाषामा समेत छलफल र बहस हुनेछ र त्यसको अन्य सरकारी कामकाजको भाषामा मौखिक रूपमा अनुवादको व्यवस्था गर्न सक्नेछ ।

(४) स्थानीय तहले नेपाली भाषाका अतिरिक्त सरकारी कामकाजको भाषामा समेत पालिकाको राजपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) कार्यालयले पत्राचार र सार्वजनिक सूचना प्रकाशन गर्दा कागजातको शीर्ष भागमा सरकारी कामकाजको भाषामा नाम र संवत् समेत उल्लेख गर्न सक्नेछ ।

(६) कुनै सेवाग्राहीले सरकारी कामकाजको भाषामा निवेदन सहित आवश्यक कागजात पेस गरेमा कार्यालयले कार्य सम्पन्न भएपश्चात् सम्बन्धित भाषामै अनुवाद गरी आवश्यक कागजात उपलब्ध गराउन सक्नेछ ।

४. दस्ताबेजको अभिलेखीकरण: सरकारी काम कारबाही र कार्यालयमा रहने सार्वजनिक दस्ताबेज सरकारी कामकाजको भाषामा समेत अनुवाद गरी अभिलेखीकरण वा सार्वजनिकीकरण गर्नु पर्नेछ ।

५. विभेद र अपमानजन्य व्यवहार गर्न नहुने: (१) कार्यालयमा सरकारी कामकाजको भाषाका अतिरिक्त अन्य मातृभाषा प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमाजनक व्यवहार गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

परिच्छेद-३

भाषाको संरक्षण, विकास तथा मानकीकरणसम्बन्धी व्यवस्था

६. सरकारी कामकाजको भाषाको संरक्षण गर्नुपर्ने: (१) सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) स्थानीय तहले शिक्षा, साहित्य, भाषा, कला र सञ्चारसम्बन्धी कार्यक्रम, अध्ययन र अनुसन्धानमार्फत सरकारी कामकाजको भाषाका अतिरिक्त पालिकाभित्र बोलिने अन्य राष्ट्रभाषाको संरक्षण र प्रवर्धन गर्नु पर्नेछ ।

७. सरकारी कामकाजको भाषाको विकास गर्ने: (१) स्थानीय तहले सरकारी कामकाजको भाषाका अतिरिक्त पालिकाभित्र बोलिने सबै राष्ट्रभाषामा शिक्षाको माध्यम र विषयका रूपमा अध्ययन अध्यापनको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन, अध्यापन हुने, विभिन्न तहमा प्रकाशन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रलाई सरकारी कामकाजको भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्नेछ ।

(३) सरकारी कामकाजको भाषाको अतिरिक्त वडा तहमा समेत बहुसङ्ख्यक जनताले बोल्ने मातृभाषालाई स्थानीय तहले आवश्यक नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड बनाई वडाको सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउँदा स्थानीय तहले अन्य राष्ट्रभाषाको संरक्षण, प्रवर्धन र विकासलाई समेत ध्यानमा राखी बनाउनु पर्नेछ ।

८. बजेट व्यवस्था गर्ने: सरकारी कामकाजको भाषाको संरक्षण र प्रवर्धनको लागि स्थानीय तहले कार्यक्रम तथा बजेट व्यवस्था गर्नु पर्नेछ ।

परिच्छेद - ४

प्रज्ञा प्रतिष्ठानको स्थापना

९. प्रज्ञा प्रतिष्ठानको स्थापनाः (१) चुलाचुली गाउँपालिकाका भित्रका भाषाहरूको संरचनागत तथा स्तरगत योजना निर्माण गरी भाषाको संरक्षण, संवर्धन, विकास, अध्ययन, अनुसन्धान, मानक निर्धारण तथा स्तरीकरण लगायतका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन एक प्रज्ञा प्रतिष्ठानको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानको परिषद्मा देहाय बमोजिम पदाधिकारी तथा सदस्यहरू रहनेछन् :

(क) कुलपति १

(ख) उपकुलपति १

(ग) सदस्य ४

(घ) सदस्य सचिव १

(३) प्रतिष्ठानको पदाधिकारी तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ४ वर्षको हुनेछ ।

(४) पदाधिकारी तथा सदस्यहरूको योग्यता

(क) राष्ट्रिय जीवन र सम्बन्धित भाषामा ख्याति प्राप्त र सम्मानित व्यक्ति व्यक्तित्व,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट भाषा विषयमा स्नातक तहको उपाधि प्राप्त,

(ग) भाषाको अध्ययन, अनुसन्धान र अन्वेषणको क्षेत्रमा कम्तीमा १० वर्ष निरन्तर काम गरेको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

१०. भाषा प्रतिष्ठानको काम, कर्तव्य, अधिकार र सेवा सुविधाः (१) प्राज्ञा परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) गाउँपालिकाभित्रका भाषाहरूको संरचनागत तथा स्तरगत विकासका लागि योजना निर्माण गर्ने,

(ग) पालिकाका भाषाहरूको अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ तथा मौलिक कृतिहरू तयार गर्नु गराउनुका साथै त्यस्ता कृतिहरू प्रकाशन गर्ने गराउने,

(घ) भाषाहरूको प्रवर्धन सम्बन्धी तोकिएका अन्य कामहरू गर्ने ।

(२) प्रतिष्ठानका पदाधिकारी, कर्मचारी तथा अन्य जनशक्तिको सेवा सुविधा यस ऐनसँग नबाझिने गरी नियमावलीमा व्यवस्था गरिनेछ ।

परिच्छेद - ४

विविध

११. सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धी प्रचलित कानूनमा सामञ्जस्यता: (१) सरकारी कामकाजको भाषा प्रयोगसम्बन्धी प्रचलित कानूनमा भएका व्यवस्था यस ऐनसँग सामञ्जस्यता कायम रहने गरी प्रयोग तथा व्यख्या गरिनेछ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ ।

१२. स्थानीय तहमा चाहिने किर्मचारी तथा जनशक्ति नियुक्ति र भर्नामा सरकारी कामकाज भाषाको प्रयोग: स्थानीय तहमा चाहिने कर्मचारी तथा जनशक्ति नियुक्ति र भर्ना गर्दा लिइने लिखित तथा मौखिक परीक्षाहरूको पाठ्यक्रममा यो ऐन लागू भएको एक वर्षभित्रमा सरकारी कामकाजको भाषामा परिमार्जन, संशोधन र अनुवाद गरी लागू गर्नुपर्नेछ ।

१३. सूचीकृत अनुवादकसम्बन्धी व्यवस्था: (१) सरकारी कामकाजको भाषामा लेखिएका सरकारी कागजपत्र वा कुनै सरोकारवाला व्यक्तिले दिने निवेदन वा पत्र सूचीकृत अनुवादकले अनुवाद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुवाद गर्न सूचीकृत अनुवादक छनौट गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) कुनै पनि सरकारी कागज वा निजी निवेदन वा पत्रको अनुवाद उपदफा (२) बमोजिमको अनुवादकले मात्र अनुवाद गरी प्रमाणित गरेको प्रतिलिपिलाई कार्यालयले मान्यता दिनेछ ।

(४) अनुवादकसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१४. नागरिक बडापत्र र सूचना पाटी सम्बन्धमा: (१) कार्यालयले सरकारी कामकाजको भाषामा सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा नागरिक बडापत्र वा सूचना पाटी राख्नुपर्नेछ ।

(२) कार्यालयले आफ्नो साइन बोर्डमा सरकारी कामकाजको भाषाको लिपिमा समेत कार्यालयको नाम उल्लेख गर्नु पर्नेछ ।

१५. भाषाको पुनरावलोकनः यस ऐन अनुरूप सरकारी कामकाजको भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारिताको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक पाँच वर्षमा सरकारी कामकाजको भाषाको प्रयोग सम्बन्धमा पुरावलोकन गर्न सकिनेछ ।

१६. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनका लागि स्थानीय सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

१७. कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेः यस ऐन वा ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही पालिकाले आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ ।

१८. बाधा अड्काउ फुकाउः (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा पालिकाले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालिकाको राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१९. संशोधनः यस ऐनको संशोधन गर्ने अधिकार गाउँसभामा निहित रहनेछ ।

अनुसूची-१

भाषा आयोगबाट सिफारिस गरिएका प्रदेश सरकारी कामकाजका भाषाहरू

प्रदेश	सरकारी कामकाजको भाषा	निश्चित कार्य र क्षेत्रमा सरकारी कामकाजको भाषा
प्रदेश नं.१	१. मैथिली २. लिम्बू	१. थारू २. तामाङ ३. मगर ४. बान्तावा ५. उर्दू ६. राजवंशी ७. राई ८. नेवार (नेपाल भाषा) ९. चाम्लिङ १०. शेर्पा, ११. सन्थाली
मधेश प्रदेश	१. मैथिली २. भोजपुरी ३. बज्जिका	१. उर्दू २. थारू ३. तामाङ
बागमती प्रदेश	१. तामाङ २. नेवार (नेपाल भाषा)	१. मगर २. थारू ३. मैथिली
गण्डकी प्रदेश	१. मगर २. गुरूङ ३. भोजपुरी	१. थारू २. नेवार (नेपाल भाषा) ३. तामाङ
लुम्बिनी प्रदेश	१. थारू २. अवधी	१. भोजपुरी २. उर्दू ३. मगर ४. मैथिली
कर्णाली प्रदेश	१. खस २. मगर	
सुदूर पश्चिम प्रदेश	१. डोट्याली २. थारू	१. बैतडेली २. अछामी ३. बझाङी

अनुसूची-२

चुलाचुली गाउँपालिकामा बोलिने भाषाहरू

१. नेपाली
२. याक्थुङ/लिम्बु
३. बान्तवा
४. राई
५. तामाङ
६. चाम्म्लङ
७. कुलुङ
८. साम्पाङ
९. मगर ढुट
१०. नेपाल भाषा (नेवारी)
११. थुलुङ
१२. संस्कृत
१३. याक्खा
१४. अन्य
१५. धिमाल
१६. खालिङ
१७. मैथिली
१८. सुनुवार
१९. माझी
२०. दुमी
२१. नाछिरिङ
२२. कोयी
२३. बाहिङ/बायुङ
२४. गुरुङ
२५. वाम्बुले
२६. शेर्पा
२७. भुजेल